
# लेखापरीक्षण प्रतिवेदन

# तमानखोला गाउँपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तमानखोला गाउँपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/369

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
तमानखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
वागलुङ ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ६ करोड ९५ लाख ४९ हजार, राष्ट्रपति महिला शसक्तिकरण परियोजनाको रू ८ लाख ९० हजार र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू ११ लाख ९५ हजार हजार समेत गरी रू ७ करोड १६ लाख ३४ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. ६५ करोड २४ लाख ४६ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड २१ लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ६९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु. १ करोड २० लाख ९० हजार मध्ये असुल गर्नुपर्ने रू. ५ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १५ लाख ९७ हजार र नियमित गर्नुपर्ने रु. ९९ लाख ७६ हजार रहेको छ । गत वर्षसम्म रु.६ करोड ४९ लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ५२ लाख ८४ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकालेवित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने तमानखोला पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६८ | ३६ | १,२१,५८,७३२ | ० | ४ | ६९,०१५ | ० | ६८ | ३२ | १,२०,८९,७१७ | ५,१५,९०७ | ९९,७६,३७१ | १५,९७,४३९ | ० | ० | १,१५,७३,८१० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | ६,४९,९२,००० | | १,१७,९७,३४६ | ५,३१,९४,६५४ | | १,२०,८९,७१७ | ६,५२,८४,३७१ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजु दफा नं | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २३.१ | गाउँपालिका पूँजीगत | ४२,४८५ |
| २ | २०८०/८१ | २० | गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रमः | २०,५८० |
| ३ | २०८०/८१ | २२ | आमा समूह सँग उपाध्यक्ष कार्यक्रमः | ५,९५० |
| ४ | २०७९/८० | ४६ र ६४ | सोझै खरिद | २७,६३,९१७ |
| ५ | २०७९/८० | ४७ | पूँजिगतबाट चालु प्रकृतिको खर्च | १०,७२,०११ |
| ६ | २०७९/८० | ५३ | अनुत्पादक एवं वितरणमुखी पूँजिगत खर्च | १५,२१,५५५ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७७/७८ | २८ | स्वीकृत दरबन्दी बेगरको करार सेवा | २४,५९,६०० |
| ८ | २०७७/७८ | ४६ | सोझै खरिद | ७,१२,०१८ |
| ९ | २०७७/७८ | ३८ | नीजि शिक्षकहरुको तलव भत्ता पुँजिगत शिर्षकवाट खर्च | २५,५७,००० |
| १० | २०७७/७८ | ५० | कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने | ४,८६,२४५ |
| ११ | २०७७/७८ | २४ | विद्यालय सुधार तथा समाजिक लेखापरीक्षण अनुदान | २,२५,००० |
| जम्मा | | | | १,१८,६६,३६१ |

# (८०४४५५०२३०० - तमानखोला गाउँपालिका, बागलुङ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय:**नेपालको संविधान अनुसारस्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १७८.०२ वर्ग किलोमिटर क्षेत्रफल तथा ९९८२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य:** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ /०८/२५ देखि २०८१/०९/०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा:** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्ययतर्फको गरी जम्मा रु.६५२४४६०००/- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६५१६०/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम |
|---|---|---|
| १ | भर्पाइ बेगरको भुक्तानी रकम | ६५१६० |

२ **आय व्यय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/०८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छः

## तमानखोला गाउँपालिका बोङ्गादोभान, बागलुङ

## प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

### आर्थिक वर्ष:२०८०/०८१

### (२०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म)

| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.व.को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६२०७४३६४.८७ | ०.०० | ६२०७४३६४.८७ | ६२८७१२८६.६१ | ०.०० | ६२८७१२८६.६१ |
| १३००० | अनुदान | १८७७२३५९६.६४ | ०.०० | १८७७२३५९६.६४ | २३३६१२५८०.७० | ०.०० | २३३६१२५८०.७० |
| १४००० | अन्य राजस्व | १७५२३४९.५३ | ०.०० | १७५२३४९.५३ | २९९६४५०.९४ | ०.०० | २९९६४५०.९४ |
| १५००० | विविध प्राप्ति | १२३४७.०० | ०.०० | १२३४७.०० | ०.०० | ०.०० | ०.०० |
| (क) | जम्मा प्राप्ति | २५१५६२६५८.०४ | ०.०० | २५१५६२६५८.०४ | २९९४८०३१८.२५ | ०.०० | २९९४८०३१८.२५ |
| | खर्च तथा भुक्तानी | | | | | | |
| | चालु | १७४६३३१२४.२१ | ०.०० | १७४६३३१२४.२१ | १७८४४९८४२.०६ | ०.०० | १७८४४९८४२.०६ |
| २१००० | पारिश्रमिक / सुविधा | ११२४८२४९३.९४ | ०.०० | ११२४८२४९३.९४ | ७१३७९९१६.०४ | ०.०० | ७१३७९९१६.०४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३८१९९५९५.२७ | ०.०० | ३८१९९५९५.२७ | २४७७४३६२.६८ | ०.०० | २४७७४३६२.६८ |
| २५००० | सहायता (Subsidy) | ८२९२९२७.०० | ०.०० | ८२९२९२७.०० | १४३१२३४५.५० | ०.०० | १४३१२३४५.५० |
| २६००० | अनुदान | ३२२७७१९.०० | ०.०० | ३२२७७१९.०० | ५८३६३५५०.६४ | ०.०० | ५८३६३५५०.६४ |
| २७००० | सामाजिक सुरक्षा | १०५६२७८९.०० | ०.०० | १०५६२७८९.०० | ८२२२३६७.२० | ०.०० | ८२२२३६७.२० |
| २८००० | अन्य खर्च | १८६७६००.०० | ०.०० | १८६७६००.०० | १३९७३००.०० | ०.०० | १३९७३००.०० |
| | पूंजीगत | ८११८७९०२.०० | ०.०० | ८११८७९०२.०० | १०९६७७९५६.०० | ०.०० | १०९६७७९५६.०० |
| ३१११० | भवन तथा संरचना | २०४६५४९९.०० | ०.०० | २०४६५४९९.०० | ३९११०२५१.०० | ०.०० | ३९११०२५१.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | २८३४६९८.०० | ०.०० | २८३४६९८.०० | ४०७६५७६.०० | ०.०० | ४०७६५७६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ३१८४१५९.०० | ०.०० | ३१८४१५९.०० | ३३८५२९९.०० | ०.०० | ३३८५२९९.०० |
| ३११४० | सुरक्षा उपकरण | ४९४७९१.०० | ०.०० | ४९४७९१.०० | १४५४९९.०० | ०.०० | १४५४९९.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४३६३०६६१.०० | ०.०० | ४३६३०६६१.०० | ४२३५७७४९.०० | ०.०० | ४२३५७७४९.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १६१६००५.०० | ०.०० | १६१६००५.०० | ६६४३४०.०० | ०.०० | ६६४३४०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११७० | पूँजीगत सुधार खर्च | ८९६२०८९.०० | ०.०० | ८९६२०८९.०० | १९९३८२४२.०० | ०.०० | १९९३८२४२.०० |
| (ख) | कुल जम्मा भुक्तानी | २५५८२१०२६.२१ | ०.०० | २५५८२१०२६.२१ | २८८१२७७९८.०६ | ०.०० | २८८१२७७९८.०६ |
| (ग) | बचत /कमी (ग = क-ख ) | -४२५८३६८.१७ | ०.०० | -४२५८३६८.१७ | ११३५२५२०.१९ | ०.०० | ११३५२५२०.१९ |
| (घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ११६५८७६.४३ | ०.०० | ११६५८७६.४३ | ५२२१३३.९५ | ०.०० | ५२२१३३.९५ |
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -३०९२४९१.७४ | ०.०० | -३०९२४९१.७४ | ११८७४६५४.१४ | ०.०० | ११८७४६५४.१४ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३९२०९६३५.३७ | ०.०० | ३९२०९६३५.३७ | २७३३४९८१.२३ | ०.०० | २७३३४९८१.२३ |
| (छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३६११७१४३.६३ | ०.०० | ३६११७१४३.६३ | ३९२०९६३५.३७ | ०.०० | ३९२०९६३५.३७ |

३ **वित्तिय विवरणमा समावेश नभएको कारोवारः**

गाउँपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ७०१९७००० | ६९५४८९७२ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १२२५००० | ११९५००० |
| 3 | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९०००० | ८८९९० |
| | जम्मा | ७२३१२००० | ७१६३३९६२ |

४ **वित्तिय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्ः

• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

• प्राप्त वितीय विवरणको म. ले. प. फारम नम्बर २७०-१ मा देखाएको बैंक तथा नगद बाँकी रु.३६११७१४३.६३ मध्ये सञ्चित कोष खातामा रु. ३१५२६२९७/- र तीन वटा कोष खातामा रु.४५९०८४६।०४ मौज्दात रहेको छ ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **आन्तरिक नियन्त्रणः**

५.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फः**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फः**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फः**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।

• सञ्चालित योजनाहरुमा उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने गरेको

पाईएन ।

**शिक्षातर्फः**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविधतर्फ :**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने तथा प्रतिवेदन समेत पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

५.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरेर सो को व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रमः**

६.१ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री हिरा कुमारी छन्त्याल ले मिति २०८०।३।१० गते रु. ३० करोड ४९ लाख ५० हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/०३/१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.२ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले समिति गठन गरेको र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ३२५७९०६०० | २४४६०३५८२ | ७५.०८ | ८११८७९०२ | २४.९२ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.३२५७९०६००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.२४४६०३५८२/- अर्थात ७५.०८ प्रतिशत र पूँजीगत तर्फ रु.८११८७९०२रऔ अर्थात २४.९२ प्रतिशत बजेट विनियोजन भएको छ । पालिकाको कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा ज्यादै बढी र पुँजीगतमा ज्यादै न्यून अनुपात रहेकोले चालु प्रकृतिका खर्चमा न्यूनीकरण गर्दै पालिका भित्र बिकास निर्माणका कार्यलाई प्राथमिकता दिएर पुँजीगत बजेटमा बृद्धि गर्नुपर्दछ ।

६.४ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय

निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ६६.४६ प्रतिशत र आषाढमा मात्र ३६.७९ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ७९०४ | ० | ० | २८३८ | ५०६६ | ५०६६ |
| २ | प्रदेश पूँजीगत | ७७०७ | ० | ० | ० | ७७०७ | ६२९७ |
| ३ | गाउँपालिका पूँजीगत | ६५५७७ | ११३० | ६०२१ | १७२४३ | ४११८३ | १८५०४ |
| | कूल खर्च | ८११८८ | ११३० | ६०२१ | २००८१ | ५३९५६ | २९८६८ |
| | खर्च प्रतिशत | | १.३९ | ७.४२ | २४.७३ | ६६.४६ | ३६.७९ |

६.६ **बजेट अवण्डाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विपद व्यवस्थापनमा रु.२५०००००/- अबण्डा बजेट व्यवस्था आर्थिक सहायता तथा विभिन्न योजनामा खर्च गरेको छ । यसरी यस पालिकाले बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

**मौज्दात रकमः** मौज्दातको अबस्था: पालिकाले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको पछिल्ला तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दातको अबस्था देहाय अनुसार रहेको छ:

| सि. नं . | विवरण | आ.ब २०७८/०७९ | आ.ब २०७९/०८० | आ.ब २०८०/०८१ |
|---|---|---|---|---|
| १ | अन्तिम मौज्दात | २७३३४९८१ | ३९२०९६३५ | ३६११७१४३ |

पालिकामा वर्षान्तमा सञ्चित कोषको अन्तिम मौज्दातको रुपमा रहेको रकमलाई आगामि आर्थिक वर्षमा जिम्मेबारी सारेर समुचित उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१६८० | १३४७२ | ५.२६ |
| २ | सामाजिक विकास | १६४१८७ | १३५००८ | ५२.७७ |
| ३ | पूर्वाधार विकास | ८६४०० | ६४७३२ | २५.३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३३२४ | १०१२७ | ३.९५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४४२०० | ३२४८२ | १२.६९ |
| | जम्मा | ३२९७९१ | २५५८२१ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.७७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ३.९५ प्रतिशत रहेको छ ।

६.८ **बजेट तथा पूँजीगत खर्चः** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ३६३६७७८६१ | ८११८७९०२ | २२.३२ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.३६३६७७८६१/- बजेट विनियोजन गरेकोमा रु.८११८७९०२/- खर्च गरेको छ जुन २२.३२ प्रतिशत मात्र हुन आउँछ ।

**बजेट तथा चालु खर्चः** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ३६३६७७८६१ | १७४६३३१२४ | ४८.०२ |

पालिकाले यस वर्ष चालु तर्फ रु.३६३६७७८६१/- विनियोजन गरेकोमा रु.१७४६३३१२४/- खर्च गरेको छ जुन ४८.०२ प्रतिशत हुन आउँछ ।

## ७ योजना तर्जुमा र कार्यान्वायन तर्फः

७.१ **ठेक्का व्यवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजनामा लागत अनुमान भन्दा १.३१ देखि ३६.११ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरेर भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नैं अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य रुपमा घटी प्रतिशत गर्ने गरी कबोल तथा सम्झौता भएको योजनाको विवरण देहाय अनुसार रहेका छन्।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कृषि संकलन केन्द्र निर्माण तमानखोला | 01। TRM/NCB/Works/2080/081 | धमनी देउराली निर्माण सेवा प्रा.लि. | ३९९४९८६। ५७ | ३८०७३११। ७९ | -१.३१ |
| २ | बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडक | 02। TRM/NCB/Works/2080/081 | कविता/कुशल एण्ड सहिल जोइन्ट भेन्चर | ११९९६७३४। ६७ | ७३५०८५४। २१ | -३६.११ |

७.२ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको

देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्मस् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७.३ **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.३८९९१५५१/- खर्च गरी ९९ बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

७.४ **वार्षिक खरिद योजना/गुरुयोजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८११८७९०२/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावलीले तोकेको व्यवस्था बमोजिम खरिद योजना/गुरुयोजना बनाई कार्यान्वियन गरेर सार्वजनिक खरिद कार्य व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।

७.५ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ० | ० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ४८ | ९४७०००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | २५ | ११६१७००० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २३ | १८१३३६०० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २ | ३१००००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ५ | ३५५००००० |
| | जम्मा | १०३ | ७७८२०६० |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

७.६ **ठेक्का बन्दोवस्तः** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २ | १११५८१६६ | | | | | २ | १११५८१६६ | २ | १११५८१६६ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. १ करोड ११ लाख ५८ हजार लागतको १ ठेक्का वन्दोवस्त तेश्रो चौमासिकमा व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन वर्षान्तमा सम्पन्न भएको देखियो । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

७.७ **निर्माण कार्य व्यवस्थापनः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| १०३ | ४ | २०१९६९९७ | ९९ | ३८९९१५५१ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १०३ योजनामा मध्ये ठेक्का मार्फत ४ वटा योजनामा रु.२०१९६९९७/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ९९ योजनामा रु.३८९९१५५१/- खर्च गरेको छ । अर्थात १०३ योजनामा भएको खर्च मध्ये ३४.१२ प्रतिशत ठेक्का प्रक्रिया र ६४.८८ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

८ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

८.१ **दरबन्दी र पदपूर्तीः** पालिकामा स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | अधिकृतस्तर कर्मचारी | ७ | ५ | - | - | २ |
| २ | सहायकस्तर | २६ | २२ | - | - | ४ |
| जम्मा | | ३३ | ३३ | २७ | - | - |

यसमा कार्यालयले अधिकृतस्तर ४ जना र सहायकस्तर ९ जना काज सरुवा भएको कारण दरवन्दी रिक्त नदेखिएता पनि काममा असर परेकोले काज सरुवा हुने परिपाटी नियन्त्रण गरि दरबन्दी अनुसार पदपुर्ती गरी सेवा प्रवाह सुचारु बनाउनु पर्दछ ।

८.२ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानीः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था

छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ६७ जना स्थायी कर्मचारीलाई रु.२००६६५७१/- तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/०८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

८.३ **रिक्त पदको सूचना नदिएको:** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ३३ जना रहेकोमा २७ जना स्थायी, ६ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन । अत: यस पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई समयमै माग पठाएर कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपुर्ती गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

८.४ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत 54 जना कर्मचारीहरु करारमा राखि रु.८२०४६३५/- खर्च लेखेको छ । यसरी स्वीकृत दरबन्दी करार सेवाबाट पूर्ती गर्दा प्रतिशस्तर्धात्मक क्षमता भएका योग्य ब्यक्ति सेवा प्रवाहमा संलग्न हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नहुने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाको समेत पालना नहुने देखिंदा समयमै लोकसेवा आयोगमा रिक्त दरबन्दीअनुसारका कर्मचारीहरुको पदपुर्तीको माग पठाएर स्थायी कर्मचारी नियुक्तीको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

८.५ **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ६ | १ |

तोकिए बमोजिमको पदपुर्ति नहुँदा सेवा प्रवाहमा असर परेकोले रिक्त पदमा दोहोरो जिम्मेवारी दिएर कार्य गरेको देखियो । अतः तोकिए बमोजिमको दरवन्दी पदपुर्ती गरी कार्य सुचारु गर्नुपर्दछ । पालिकामा रिक्त वडा सचिवको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको देखियो । अत: कार्यालयले दरबन्दी अनुसार वडा सचिवको पदपुर्ती गरेर सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

९ **सहकारी तर्फः**

९.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९.२ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ

सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

९.३ **सहकारी संस्थाको अनुगमनः** पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु |
|---|---|---|---|---|---|
| कृषि सहकारी संस्था लि. | २ | २९१ | ९६८४५०० | २२८४९५३३ | २३४१५३४४ |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएकोमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । पालिका भित्र सञ्चालित सहकारीहरु मध्ये समस्याग्रस्त तथा निस्क्रिय शहकारीहरु भए नभएको एकिन गरेर यदि त्यस्ता सहकारीहरु भएमा समस्याग्रस्त र निस्क्रिय सहकारीमा शेयर सदस्य र बचतकर्ताको शेयर र बचत रकम जोखिममा परेको सम्बन्धमा जोखिम न्यूनिकरण गर्ने तर्फ पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ । पालिकाभित्र सञ्चालित सबै सहकारीहरुको प्रचलित कानूनी व्यवस्था अनुसार नियमित अनुगमन गरेर सहकारीका बचत तथा लगानीकर्ताको हित संरक्षण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

## १० आर्थिक सहायता, अन्य विविध खर्च र अनुदानः

१०.१ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१७५५४०५/- खर्च गरेको छ । जुन खर्च आन्तरिक आय रु.3788309/- को ४६.३४ प्रतिशत हो । पालिकाले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१०.२ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ४२ जनालाई सहयोग गरी रु.५६६४२०/- आर्थिक सहायता वितरण गरेका छन् । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकबाट आर्थिक सहायता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । आर्थिक सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गरी सहायता वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

१०.३ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु.९४६८६१/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ ।

## ११ कानून निर्माण र कार्यान्वयनको स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ४ वटा नियमावली, २ वटा निर्देशिका र ६० वटा कार्यविधि लगायत ८७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले २ वटा कानूनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१२ **सेवा प्रवाहः**

१२.१ **सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा ६३६ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ३१२ |
| मृत्यु दर्ता | १२१ |
| बसाईसराई दर्ता | २० |
| विवाह दर्ता | १६२ |
| सम्बन्ध विच्छेद दर्ता | २१ |
| जम्मा | ६३६ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । गुनासो सुनुवाई प्रभावकारि वनाई साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरि सेवा प्रवाहको अवस्थाको मुल्यांकन गर्न सके अझ प्रभावकारि हुने देखिन्छ ।

१२.२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनीयर, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु समयमै पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३ **ठेक्का अभिलेखः**

१३.१ **धरौटी खाताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन । उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू तयार गरी राख्नुपर्दछ।

१३.२ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल

सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१४ **परामर्स सेवा खरिदः**

**सम्भाव्यता अध्ययन/डि.पि.आर खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष डि.पि.आर.कार्यमा रु.१९९७२७५/- खर्च गरेको छ। यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता मोटरेबल पुल निर्माण सम्बन्धी डि.पि.आर. तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्‍याएको छैन । अत: पालिकाले यस सम्बन्धमा प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्च नियन्त्रण सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

| क्र.सं. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान | सम्झौता रकम र | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | मोटरेबल पुल निर्माण सम्बन्धी डि.पि.आर. | आरती डिजाइन एशोसिएट्स प्रा.लि. | १९९९८२१ | १९९७२७५ | ०.१२ | मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताब माग गरेर |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष डि.पि.आर. लगायतका कार्यमा सिधै (मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताब माग गरी) विधिबाट सेवा खरिदका लागि जम्मा रु.१९९९८२१/- को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.१९९७२७५/- भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा ०.१२ प्रतिशत कम रकम अर्थात रु.१९९९८२१/- मा सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **फोहरमैला व्यवस्थापनः**

१५.१ फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

१५.२ **स्रोतमा नैं वर्गीकरण:** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१५.३ **फोहरमैला व्यवस्थापनको अनुमति**: ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन ।

१५.४ **फोहरमैला व्यवस्थापन शुल्क**: ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित

क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।

## १६ **शिक्षा तर्फः**

१६.१ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री जन जागृति मा.वि. | २० | २७८ | १:१४ |
| २ | श्री शान्ति मा.वि. | १६ | २४० | १:१५ |
| ३ | श्री धन गौ ज्योति मा.वि. | १७ | २७७ | १:१६ |
| ४ | श्री बुद्ध आ.वि. | ९ | १९३ | १:२१ |
| ५ | श्री जन ज्योति आ.वि. | ११ | १७१ | १:१६ |
| ६ | श्री खोलेस्बाङ आ.वि. | १० | १४८ | १:१५ |
| ७ | श्री मंगला आ.वि. | ९ | ११२ | १:१२ |
| ८ | श्री सरस्वति आ.वि. | १२ | १९३ | १:१६ |
| ९ | श्री विष्णु आ.वि. | ९ | ९१ | १:१० |
| १० | श्री जनता प्रा.वि. | ३ | १९ | १:६ |
| ११ | श्री विद्यासागर प्रा.वि. | ३ | ३२ | १:११ |
| १२ | श्री परमेश्वर प्रा.वि. | २ | १५ | १:८ |
| १३ | श्री भूमे प्रा.वि. | ४ | ५५ | १:१४ |
| १४ | श्री शिल्गुम प्रा.वि. | ४ | ६६ | १:१७ |
| १५ | श्री किरी प्रा.वि. | २ | १९ | १:१० |
| १६ | श्री हिले प्रा.वि. | ५ | ४९ | १:१० |
| १७ | श्री भवती प्रा.वि. | ५ | ५२ | १:१० |
| १८ | श्री देउराली प्रा.वि. | ४ | ६३ | १:१६ |
| १९ | श्री मालिका प्रा.वि. | १ | ७ | १:७ |
| २० | श्री डिल्ली प्रा.वि. | ४ | २७ | १:७ |
| २१ | श्री जनमोति प्रा.वि. | ४ | ६१ | १:१५ |
| | जम्मा | १५४ | २१६८ | १:१४ |

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:१४ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले १४ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा वागलुङ जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा

१ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १४ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

१६.२ **शैक्षिक गुणस्तरः** गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा १४९ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ।

| क्र.सं. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | १३८ | ० | ० | ० | ० |
| २ | ३.२१ - ३.६० | ११ | १ | ३ | ९.०९ | २७.२७ |
| | जम्मा | १४९ | १ | ३ | ०.६७ | २.०१ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने कुनै पनि विद्यार्थी नरहेको, ३.२१ - ३.६० जिपिए ल्याउने ४ विधार्थी मध्ये ३ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

१६.३ **अनलाइन अफलाइन कार्यक्रमः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले शैक्षिक सुधार कार्यक्रम कार्यन्वयनको लागि विद्यालयमा अनलाइन अफलाइन कार्यक्रम सञ्चालन गरेको जनाएको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले निम्न बमोजिम विद्यालयहरुलाइ रु.१९६४३४/- निकासा दिएको छ । कार्यक्रमको प्रमुख उद्धेश्य अफलाइन पाठ्यक्रम प्राप्त हुने र शिक्षण सिकाइमा वृद्धि हुने जनाएतापनि लेखापरीक्षणको क्रममा उक्त प्रणालीमा लगईन गरेर हेर्दा उक्त सफ्टवेयर प्रणाली विद्यालयहरुले उपयोगमा ल्याएको पाइएन । पालिकाले प्रणाली जडान गर्नुपूर्व पर्याप्त पुर्वाधार तयार भए नभएको, सञ्चालित प्रणाली लक्षित वर्गले उपयोग गर्न सक्ने क्षमता भए नभएको र आपूर्तीकर्ताले तोकिएका शर्त अनुसारको कार्य सम्पदान गरे नगरेको सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्दछ ।यसरी प्रणाली सञ्चालनमा नैं नआई खर्च लेख्नाले पालिकाको अनलाइन अफलाइन कार्यक्रमः बृहत शैक्षिक सुधार कार्यक्रमको लक्ष्य अनुसारको प्रगती नभएको र उपलब्धी बिहिन कार्यमा खर्च भएको नियम सम्मत नभएको रु..

| गो. भौ. नं./मिति | विद्यालयको नाम | खर्च रकम |
|---|---|---|
| १४५-२०८१/०१/१० | शान्ती मा. वि. | ९७८९७ |
| १३०-२०८०/१२/१६ | धन गौ ज्योती मा.वि. | ९८५३७ |
| जम्मा | | १९६४३४ |

| अनियमित भएको | १,९६,४३४ |
|---|---|

१६.४ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १००७१७५०० | ८६०८४१५५.२४ | २१६८ | ३९७०६ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३९७०६/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

१६.५ **विद्यालय र विधार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २१ | २१६८ |
| २ | संस्थागत विद्यालय | २ | २२७ |
| | जम्मा | २३ | २३९५ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या २३९५ रहेकोमा ९०.५२ प्रतिशत सामुदायिक र ९.४८ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

१६.६ (६९-२०८१-३-१२):

**गरिव तथा जेहेन्दार विद्यार्थि छात्रवृतिः** तमानखोला गाउँपालिकाको जेहेन्दार छात्रवृति कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ को बुँदा नं. ३ मा गाउँपालिका भित्रका विद्यालयहरुमा अध्ययनरत विद्यार्थी मध्ये प्राथमिक तहका २१ जना, आधारभुत तहका १६ जना, माध्यमिक तहका १६ जना लगायतलाइ छात्रवृति उपलब्ध गराइने व्यवस्था उल्लेख गरिएको छ । साथै उक्त कार्यविधिको बुँदा नं.३ (छ) मा सम्बन्धित विद्यालयको नियमित तथा जेहेन्दार भएको सिफारिस, गरिव परिवारको जनाउने वडा कार्यलयको सिफारिस तथा स्थानीय तहको शिक्षा शाखाको सिफारिसमा मात्र छात्रवृति उपलब्ध गराइने व्यवस्था छ । पालिकाले गरिव तथा जेहेन्दार छात्रवृति कोष मार्फत गो. भौ. नं. ६९ मिति २०८१/०३/१२ बाट विभिन्न विद्यालयहरुलाई रु.१७९०००/- निकासा गरेको छ । गरिव परिवारको जनाई सम्बन्धित वडा कार्यालयको सिफारिस र स्थानीय तहको शिक्षा शाखाको सिफारिस बेगर विद्यालयको मागको आधारमा मात्र छात्रवृति वापतको रकम निकासा भएकोले वास्तविक लक्ष्यित विद्यार्थी लाभान्वित भएको एकिन गर्न सकिएन । अतः उक्त कार्यविधिमा तोकिएका न्युनतम प्रावधान र प्रमाण कागजात संलग्न नगरी छात्रबृति शिर्षकमा खर्च लेखेको रु.१७९०००/- नियम सम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,७९,००० |

१६.७ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका १०९ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १०९ | ६९ | ४० | - |

उक्त विवरण अनुसार पालिकामा जम्मा १०९ शिक्षक दरबन्दी रहेकोमा ६९ जना स्थायी पदपूर्ती र ४० जना अस्थायी/राहत/करारमा नियुक्त गरी जम्मा कार्य रहेका छन । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **स्वास्थ्य तर्फः**

१७.१ **स्वास्थ्य तर्फः** पालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती |
|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी | ३ | १५ | ६ |

उक्त विवरण अनुसार पालिकामा ३ स्वास्थ्य केन्द्र/ चौकीमा कुल १५ दरबन्दी रहेकोमा हाल ६ पद स्थायी र ९ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ । पालिकाले समयमै लोकसेवा आयोग र मन्त्रालयमा रिक्त दरबन्दीको माग पठाएर दरबन्दी अनुसार स्थायी पदपुर्ती गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१७.२ **औषधी खरिदः** पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी रु.२४३४६६८/- को औषधी खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए-नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरिएको पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखियो ।

१८ **पोषणमैत्री नमूना पालिका कार्यक्रमः**

सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले संघीय विशेष अनुदान अन्तर्गतको पोषणमैत्री नमूना कार्यक्रम अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरुमा आवश्यक प्रमाण वेगर भुक्तानी गरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु..

| गो. भौ. नं./मिति | खर्चको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४२४-२०८०/०३/१४ | वालगृहमा टनेल निर्माण | ११५५३९ | टनेल निर्माण सम्पन्न भएको प्रतिवेदन समावेश नगरी खर्च लेखेको |
| ३११-२०८१/०३/१३ | सरसफाइ सम्बन्धि व्यानर छपाइ | ४७६१०९ | के कति र कस्तो व्यानर छपाइ भयो र कहाँ र कसले प्रयोग भएको खुल्ने प्रमाण पेश नभएको |
| ३४८-२०८१/०३/१८ | विद्यालय भित्ते लेखन | ७८८०० | आवश्यक प्रमाण कागजात संलग्न नगरेको |
| जम्मा | | ६७०४४८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७०,४४८ |

१९ **कृषि तथा पशुतर्फः**

१९.१ **अनुदान व्यवस्थापनः** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ।

| क्र.सं. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ५ | २७८३५१७ |
| २ | पशु तर्फ | २ | १५४४७९१ |
| | | जम्मा | ४३२८३०८ |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.४३२८३०८/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन ।पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी अनुदान वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई सही सदुपयोग भएको एकिन गर्नु पर्दछ ।

१९.२ **विगत वर्ष दिएको अनुदानको उपयोगः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार टनेल निर्माण गर्न फलाम तथा प्लास्टिक वितरण, प्लास्टिक टनेल वितरण, मिनी टेलर वितरण, तरकारी कम्पोजिट किट वितरण, करेशाबारी कार्यक्रम, फलफुल दशक विरुवा रोपन कार्यक्रम, आलु पकेट कार्यक्रममा रु.४५९६६७३/- र घास काट्ने मेसिन खरिद तथा वितरण, सोलार खरिद तथा वितरण, त्रिपाल खरिद तथा वितरणमा रु.५२४६९६/- गरी जम्मा रु.५१२१३६९/- अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन भने पालिकाले स्थानीय अनुदान नीति तय गरेको छैन ।

| क्र.सं. | अनुदान दिएको आर्थिक वर्ष | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | २०७९/०८० | कृषि | ८ | टनेल निर्माण गर्न फलाम तथा प्लास्टिक वितरण, प्लास्टिक टनेल वितरण, मिनी टेलर वितरण, तरकारी कम्पोजिट किट वितरण, करेशाबारी कार्यक्रम, फलफुल दशक विरुवा रोपन कार्यक्रम, आलु पकेट कार्यक्रम | ४५९६६७३ |
| २ | २०७९/०८० | पशु | ३ | घास काट्ने मेसिन खरिद तथा वितरण, सोलार खरिद तथा वितरण, त्रिपाल खरिद तथा वितरण | ५२४६९६ |
| | | | | जम्मा | ५१२१३६९ |

अत: अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लक्ष्यित वर्गको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी अनुदान वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

१९.३ **उत्पादन तथा विक्रीको आधारमा नगद अनुदानः** गाउँपालिकाको कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं ४(छ) मा वडा स्तरिय कृषि तथा पशु सेवा समिति/संकलन केन्द्रबाट कृषकहरु मार्फत खरिद भएको अभिलेख अनुसूची-१ अनुसार राख्नु पर्नेछ र खरिद हुन नसकेको वस्तु बाहिरी व्यापारी मार्फत खरिद भएमा सोको जानकारी कृषि तथा पशुजन्य वस्तुको अभिलेख अनुसूची-२ अनुसार स्पष्टसँग राखेको हुनुपर्नेछ । बिक्रि वितरण गर्दा उपलब्ध हुने सम्मको बिल अथवा भरपाई, नागरिकताको फोटोकपी तथा कृषकको चेक खाताको फोटोकपी समेत अभिलेखसँग सुरक्षित राख्नुपर्ने तथा सोही निर्देशिकाको

बुँदा नं ५(ख) मा वडा स्तरीय कृषि विकास तथा पशु सेवा समितिहरूबाट अनुसुची-२ अनुसार भएको अभिलेखबाट औषत बिक्रि मूल्य निर्धारण गरि सोको १० प्रतिशत रकम अनुदान उपलब्ध गराउने ब्यस्था भएको र अनुसुची-२ मा वडा स्तरिय कृषि तथा पशु सेवा समिति मार्फत खरिद बिक्रि हुन नसकि बाहिरी ब्यापारी मार्फत खरिद भएको अभिलेखको ब्यवस्था भएकोमा ब्यापारिले कृषि तथा पशु पंछी खरिद गरेको देखिएन । वडा स्तरिय कृषि तथा पशु सेवा समिति/संकलन केन्द्रबाट खरिद भएको आलु, सिमी, तोरी, भाँगो, टिमुर, स्याउ, किवि, कागती एवं खसी, राँगो, लोकल कुखुरा र बंगुरको मासु उत्पादन तथा विक्रिको आधारमा नगद अनुदान वितरण निम्न बमोजिम गरेकोमा सम्बन्धित कृषकले उत्पादन गरेको तथा सो कृषि उत्पादन व्यापारी तथा कृषकले खरिद गरेको आधारमा अनुदान वितरण गरिने जनाएकोमा सो खरिदमा कुनै विजक जारी नभएको र भर्पाइ मात्र भएको आधारमा रु.२१६२६१५/- भुक्तानी दिएको अनियमित देखिएको रु..

| वडा नं. | आलु, सिमी, तोरी,भाँगो, टिमुर, स्याउ, किवि, कागती विक्रीमा अनुदान वितरण रकम | खसी, राँगो, लोकल कुखुरा र बंगुरको मासु विक्रीमा अनुदान वितरण रकम |
|---|---|---|
| १ | ४८१२८ | २००००० |
| २ | ४०२२५ | १५०००० |
| ३ | ४८३३० | १००००० |
| ४ | ८९७१२० | १००००० |
| ५ | ४५२४० | २००००० |
| ६ | २३३५७२ | १००००० |
| जम्मा | १३११६१५ | ८५०००० |
| | कुल जम्मा | २१६२६१५ |

| | |
|---|---|
| अनियमित भएको | २१,६२,६१५ |

१९.४ (२११-२०८१-२-२३):

**फलफूल प्रवर्द्धन कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले फलफूल विरुवा खरिद वापत सिद्धवावा एग्रो फरेष्ट्रि फर्मलाइ जिल्ला दररेट तथा राष्ट्रिय फलफूल विकास केन्द्रको दररेट भन्दा निम्न बमोजिम रु. २३३९२५/- बढी भुक्तानी भएकोले सम्बन्धित फर्मबाट असुल हुनुपर्ने रु.

| विरुवाको विवरण | संख्या | मुल्य | भुक्तानी भएको रकम | जिल्ला/ राष्ट्रिय फलफूल विकास केन्द्र दररेट | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ओखर(पिनखेत कलमी) | ३१० | ६५० | २०१५०० | १२० | ३७२०० | १६४३०० |
| स्याउ एटालियन फूजि कलमी | ६० | ११०० | ६६००० | १०० | ६००० | ६०००० |
| अनार | ५५ | २५० | १३७५० | ७५ | ४१२५ | ९६२५ |
| जम्मा | | | २८१२५० | | ४७३२५ | २३३९२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३,९२५ |

१९.५ **कृषि तथा पशुमा अनुदानः** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्।

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (आलु,सिमी,तोरी,भाँगो,टिमुर,स्याउ,किवि,कागती) | ३३८ | १४११६१५ | ५० प्रतिशत अनुदान |
| २ | कृषि औजार तथा उपकरण वितरण | ८ | १९८००० | " " |
| ३ | निजी तथा सरकारी खाली जग्गामा सामुहिक फलफुल खेती कार्यक्रम | ४० | ७८०७६ | " " |
| ४ | फलफुल प्रवर्द्धन कार्यक्रम | ६० | ४९५८२६ | " " |
| ५ | आ.व.2079/080 मा स्थापना भएको आलु बाली पकेट विकास कार्यक्रम निरन्तरता | ३६० | ६००००० | " " |
| ६ | खसी, राँगो, लोकल कुखुरा र बँगुरको मासु उत्पादनमा अनुदान कार्यक्रम | ४१२ | ८५०००० | " " |
| ७ | घुम्ति भेडाबाख्रा गोठालोलाई सोलार र त्रिपाल वितरण | ११९ | ६९४७९१ | " " |
| | जम्मा | १३३७ | ४३२८३०८ | |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना- साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ। पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी अनुदान वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

२० **गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रमः** (४११-२०८१-३-२२):

**लागत सहभागिताः**

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा गोरेटो बाटो निर्माण, नाला निर्माण जस्ता निर्माण सम्बन्धी कार्य सञ्चालन गरी यस वर्ष ८८ जनालाई औषत ९५.८३ दिनले रोजगारी उपलब्ध गराई रु.५६३३०४०/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२२ **आमा समूह सँग उपाध्यक्ष कार्यक्रमः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **गाउँपालिका पूँजीगत:**

२३.१ (२९३-२०८१-३-२०):

**सामुदायिक अध्यक्ष पुस्तकालय निर्माण:**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **४२,४८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३.२ • उक्त सामुदायिक अध्यक्ष पुस्तकालय निर्माण गर्न ई- लाईब्रेरीको लागी माथी उल्लेख भए अनुसारका विभिन्न ईलेक्ट्रोनिक्स सामाग्रीहरु र देहाय अनुसारका पुस्तकहरु खरीद गरेको जनाई रु.९५९४७६ /- भुक्तानी गरेकोमा सामाग्री खरिद को बिल यस नगरापलिकाको नाममा रहेको तर पालिकाको जिन्सी खातामा दाखिला छैन भने पुस्तकालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरेको र समितिको जिन्सी खातामा समेत दाखिला भएको छैन । पालिकाले रु.३८९०९७/- मूल्यका विभिन्न ईलेक्ट्रोनिक्स सामाग्रीहरु Insight Technology Pvt. Ltd. Lalitpur (600304102) सँग खरिद गर्दा कुनै सम्झौता नगरेका कारण उक्त सामाग्रीको वारेन्टी सम्बन्धमा कुनै व्यहोरा नखुलाएको र समाग्री आपूर्ति हुनासाथ बिल बमोजिमको सबै रकम भुक्तानी दिएको छ । अत: खरिद भएका पुस्तक, तयार गरिएका फर्निचर तथा ईलेक्ट्रोनिक यन्त्र उपकरणहरु नगरापलिकाको जिन्सी खातामा दाखिला गरेर पुस्तकालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरि समितिको जिन्सी खातामा (जम्मा भुक्तानी रु.९५९४७६/- मा बढी भुक्तानी भएको रु.४२४८५/- घटाई बाँकी रु.९१६९९१/-) दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | भौचार नम्बर र मिति | खरिद भएको माल सामान | रकम | आपुर्तीकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| 1 | २९३-०८१/०३/२० | ७३० प्रकारका/थान विभिन्न पुस्तकहरु | ३२०७७७ | Book Mart Pokhara Pvt. Ltd. (305398570) | |
| | | जम्मा | ३२०७७७ | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१६,९९१ |

२३.३ (७,३२६-२०८१-३-२३):

**रोयल्टी संकलन नगरेको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची-१ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । यस पालिकाले यो वर्ष बोङ्गा दोभान, बोङ्गाखानी ढोरपाटन सडक निर्माण गर्न ठेक्का नम्बर 02/TRM/NCB/Works/2080/2081 बाट ठेकेदार M/S Kabita/Kushal and Sahil J.V. (62131311941) सँग मिति मिति २०८१/०३/१० मा कार्य सम्पन्न गर्नुपर्ने गरी मिति २०८०/१२/२७ मा मु.अ. कर सहित रु.७३५०८५४/- को संझौता गरेर रु.७२९३२९७/- भुक्तानी गरेको छ । उक्त ठेक्काको लागत अनुमानमा बाटो निर्माणमा प्रयोग हुने ढुँगा संकलनको दर प्रति घन मिटर रु.१३११/२८ राखेकोमा सो मा प्रति घनमिटर रु.१००/- रोयल्टी खर्च जोडेको छ । यस ठेक्का कार्यमा Stone Masnery Work मा ४२८.११ र Gabion Box Work मा २२८.५० गरी जम्मा ६५६.६१ घन मिटर ढुँगा संकलन गरेकोमा रु.१००/- का दरले रु.६५६६१/- पालिकामा रोयल्टी नबुझाएकोले ठेकेदार M/S Kabita/Kushal and Sahil J.V.(62131311941) सँग संकलित ढुँगाको रु.६५६६१/- रोयल्टी र सोमा १.५ प्रतिशतले हुने अग्रिम आयकर रु.९४२/- र १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु.८५३६/- सहित जम्मा रु.७५१८२/- संकगलन गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,१८२ |

२३.४ (२९५-२०८१-३-२०):

कृषि पर्यटन पुर्वाधार निर्माण: (२९५-२०८१/०३/२०): सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४)(१) मा नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा उपयोगको लागि दिन सकिने व्यवस्था रहेको छ । सोही कार्यनीतिको दफा (४)(२)(ग) मा स्थानीय तहलाई नेपाल सरकारको नाममा रहेको जग्गा आवश्यक भएमा कार्यपालिकाको निर्णय सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस समावेश गरेर सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा लेखि पठाउनु पर्ने, मालपोत कार्यालयले दफा (८) अनुसार आवश्यक छानबिन गरि जग्गा उपयोग गर्ने सिफारिसका लागि सिफारिस समितिमा पेश गर्नुपर्ने (दफ-३), सिफारिस समितिबाट सिफारिस भै आएमा मालपोत कार्यालयले भूमी व्यवस्थापन तथा अभिलेख विभागमा कागजात पठाउने (दफा-५), विभागले आवश्यक ठानेमा स्थलगत निरीक्षण समेत गरि जग्गा उपयोग गर्न दिने स्वीकृतिको लागी भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पेश गर्ने (दफा-६), मन्त्रालयले सो उपर आवश्यक अध्ययन गर्दा जग्गा उपयोग गर्न दिन उपयुक्त देखिएमा प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतका सरकारी निकायहरुको हकमा स्वीकृतिको लागि नेपाल सरकार मन्त्री परिषद् समक्ष पेश गर्ने (दफा-७) र नेपाल सरकार मन्त्री परिषद्ले प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतका सरकारी निकायहरुलाई जग्गा उपयोग गर्ने स्वीकृति दिन सक्ने (दफा-८), व्यवस्था रहेको छ । आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष पुँजीगत शिर्षकबट पालिकाको वडा नम्बर-४ बयली भन्ने स्थानमा सार्बजनिक जमिनमा ३९५ वटा पोल लगाएर ७९० मिटर तारबार उपभोक्ता समिति मार्फत निर्माण गरेको जनाई रु.१७२५९९९/- खर्च लेखेकोमा उक्त सार्वजनिक जमिनमा नेपाल सरकारको नामबाट यस पालिकाले जग्गा उपयोग गर्ने स्वीकृति

लिएको छैन । कृषि पर्यटनको लागी तारबार लगाएको जनाएको उक्त जमिनको क्षेत्रफल कति रहेको, उक्त जमिनमा तारबार लगाएर घेर्दा के कसरी कृषि पर्यटन हुने र के कारणले संरक्षण गर्नुपर्ने, जमिनको हालको अबस्था (चौर/वन/जंगल/भिर/पाखो/खानी) के कस्तो रहेको, उक्त सरकारी जमिनमा तालबार लगाएर घेर्दा उपभोक्ता समिति के कसरी लाभान्वित हुने भन्ने कुनै व्यहोरा खुलाएको छैन भने यस सम्बन्धनमा कुनै अध्ययन गरेर तयार गरेको प्रतिवेदन समेत पेश गरेको छैन । यसरी नेपाल सरकारको नाममा रहेको सार्वजनिक जमिन नेपाल सरकारसँग उपयोगको स्विकृती नलिईकन पालिकाले संरचना निर्माण गर्दा नेपाल सरकारले सोही स्थानमा आफ्ना केन्द्रीय योजनाहरु सञ्चालन गरेको खण्डमा र नेपाल सरकारले सो जमिन फरक प्रयोजनमा उपयोग गरेको खण्डमा पालिकाले सो स्थानमा संरचना निर्माणमा गरेको खर्च समेत उपयोग बिहिन हुने देखिन्छ । अत: नेपाल सरकारको नाममा रहेको सार्वजनिक जमिन उपयोग गर्न तोकिएको प्रक्रिया पुरा गरि नेपाल सरकार मन्त्री परिषदबाट अनुमति वा स्वीकृति लिएर मात्र पालिकाले संरचना निर्माण गर्नुपर्दछ ।

२३.५ (१६३-२०८१-१-२३):

**कोल्ड स्टोर ब्यबस्थान खर्च:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । सोही नियमावलीको नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले गत वर्ष मात्र रु.११०४२४४७/- भुक्तानी दिएर पालिकाको वडा नम्बर ४ मा निर्माण गरेको कोल्ड स्टोरको व्यवस्थापन खर्च (पहिरो नियन्त्रण गर्न तारजाली लगाएको) जनाई यो वर्ष रु.२३८३२२/- भुक्तानी दिएको छ । गत वर्ष नैं निर्माण सम्पन्न भएको तर कोल्ड स्टोर निर्माण स्थलसम्म नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाईन नपुगेका कारण कोल्ड स्टोर लेखापरीक्षण अबिधसम्म सञ्चालनमा नआएको पालिकाले जनाएकोले यस्तो खर्च लगानी गरेर निर्माण गरेको कोल्ड स्टोरको स्थायित्व र संचालन/सदुपयोगका साथै कोल्ड स्टोरमा जडान भएका चिस्यान सम्बन्धी यन्त्र उपकरणहरुको वारेन्टी तथा ग्यारेन्टी प्रावधानको उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसरी निर्माण भएर सञ्चालनमा नआउँदै पहिरो नियन्त्रणमा खर्च गरेकोले कोल्ड स्टोरको संरचना निर्माण गरेको स्थान प्राकृतिक प्रकोपको दृष्टिकोबाट सुरक्षित छ भनि आश्वस्त हुने आधार देखिएन । यसरी निर्माण सम्पन्न भैसक्दा पनि सञ्चालनमा नैं आउन नसकेको कोल्ड स्टोरको व्यवस्थापन खर्च वापत रकम भुक्तानी दिंदा उपयोग बिहिन कार्यमा सरकारी दायित्व सिर्जना भएको छ भने भविश्यमा समेत थप दायित्व सिर्जना हुने देखिएको छ । अत: यो वर्ष भुक्तानी भएको कोल्ड स्टोर व्यवस्थापन खर्च रु.२३८३२२/- नियम सम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | २,३८,३२२ |

२३.६ **ल्याब टेष्टको बीजक पेश नभएको:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाको वडा नम्बर-१ मा कृषि संकलन केन्द्र निर्माण गर्न ठेक्का नम्बर 01/TRM/NCB/Works/2080/2081 बाट ठेकेदार Dhamani Deurali Nirman Sewa (606893077) सँग मिति २०८१/०२/३० मा कार्य सम्पन्न गर्नुपर्ने गरी मिति २०८०/१२/०४ मा मु.अ. कर सहित रु.३८०७३१२/- को संझौता गरेर रु.३८०३७००/- भुक्तानी गरेको छ । उक्त ठेक्काको लागत अनुमानमा PS आईटमको रुपमा रु.१००००/- को Lab Test को व्यवस्था रहेकोमा ठेकेदारलाई बिजक बमोजिमको भुक्तानी गर्दा Lab Test को बिजक समावेश नगरी Lab Test को रकम समेत भुक्तानी गरेकोले Lab Test को बिजक भए पेश गर्ने अन्यथा ठेकेदार Dhamani Deurali Nirman Sewa (606893077) बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००० |

२४ **चालुखर्च तर्फः**

२४.१ **पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.६३३८२६०/- खर्च गरेको देखिन्छ। जुन आन्तरिक आय रु.३७८८३०९/- को १६७.३१ प्रतिशत देखियो । पालिकाको आन्तरिक आयको अबस्थाले पदाधिकारी सुविधामा भएको खर्च समेत धान्न सकेको देखिंदैन । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र मात्र पदाधिकारी सुविधामा थप खर्च गर्नुपर्दछ ।

२४.२ **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२४.३ **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका शर्त पालना गरेर मात्र विपद् व्यवस्थापनका क्षेत्रमा खर्च गर्नु पर्दछ ।

२४.४ **प्रगति विवरण पेश नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित ९९ योजनाहरू र निर्माण ब्यवसायी मार्फत निर्माण २ तथा सम्पन्न २ समेत कुल १०३ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

२४.५ **अवकास कोषः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यरत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्न एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गर्ने गरेको छैन् भने कोषको स्थापना समेत गरेको देखिएन । अतः पालिकाले कार्यविधि तयार गरेर यस्तो कोष स्थापना गरि सञ्चालन गर्नुपर्ने देखिन्छ ।

२५ **राजश्व तथा अन्यः**

२५.१ **आन्तरिक आय**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम रहेको छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३६३६७७८६१ | ३७८८३०९ | १.०४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२५.२ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | १५००००० | ११९८५९८।५५ |
| २ | वहाल कर | २००००० | ७०८३४०।०१ |
| ३ | परीक्षा शुल्क | ५०००० | ६०००।०० |
| ४ | सिफारिश दस्तुर | ३००००० | ३२२२८७।०० |
| ५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | ३०६३३५।४९ |
| ६ | नाता प्रमाणित दस्तुर | २००००० | ४७१२०।०० |
| ७ | अन्य दस्तुर | ३५०००० | २१६८००।१८ |
| ८ | अन्य राजस्व | २००००० | ८१२३२८।३६ |
| ९ | व्यवसाय कर | २००००० | १७०५००।०० |
| | जम्मा | ३३००००० | ३७८८३०९.५९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाताले कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२६ **आन्तरिक आय तर्फ: पालिकाको आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।**

२६.१ **कर संकलनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| आन्तरिक आय | ३३००००० | ३७८८३०९.५९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा आन्तरिक आय धेरै संकलन गरेको देखिन्छ तथापी पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२६.२ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम

महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर राजस्व संकलनका लागि डेल्कन इन्टरनेशनल प्रा.लि कम्पनीको सांग्रिला नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.3788309.59 राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन । अत: पालिकाले ऐन,को व्यवस्था अनुसार महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिएर मात्र सूचना प्रविधि प्रणाली सञ्चालन गर्नुपर्दछ ।

२६.३ **आन्तरिक आय र खर्चको विश्लेषणः** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ३७८८३०९ | २५५८२१०२० | १.४८ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.२५५८२१०२०/- रहेको छ भने राजश्व संकलन रु.३७८८३०९/- गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आय खर्चको तुलनामा १.४८ प्रतिशत मात्र हुन्छ । पालिकाको कुल खर्च आन्तरिक आयको ६७५२.९१ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

२७ **एम्बुलेन्स भाडाः**

पालिकाले दररेट तोकी एम्बुलेन्स सञ्चालन गरेकोमा तपशिलका २२ ब्यक्तिहरुले बिभिन्न मितिमा एम्बुलेन्स प्रयोग गरेकोमा भाडा वापतको रकम रु.२०६८००/- एम्वुलेन्स आम्दानीमा समावेश भएको देखिएन । अतः उक्त रकम पाप्त भएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु..

| क्र.सं. | विल नम्बर | एम्वुलेन्स प्रयोग कर्ताको नाम थर | रकम |
|---|---|---|---|
| १ | ११५ | रेशम घर्ति | १२००० |
| २ | १२० | होम कुमारीको वच्चा | १५०० |
| ३ | १२२ | आगोले पोलेको | १५०० |
| ४ | १३१ | प्रेम कुमारी घर्ति | ३००० |
| ५ | १४२ | खिममाया वि.क. | १२००० |
| ६ | १४३ | ओम बहादुर सिर्पाली | १३००० |
| ७ | १५४ | ज्ञानु रसाइली | ११४०० |
| ८ | १५५ | शिल्पुमको | १२२०० |
| ९ | १५६ | जुना गिरी | १२२०० |
| १० | १५९ | भरत बहादुर वि.क. | ११४०० |
| ११ | १६६ | जग बहादुर सिर्पाली | ८२०० |
| १२ | १६७ | भिम कुमारी गोतामे | ८००० |
| १३ | १६९ | प्रेम बहादुर घर्ति | २१६०० |
| १४ | १७१ | टिका कुमारी वि.क. | ८००० |
| १५ | १७२ | कृष्ण गोतामे | १३५०० |
| १६ | १७३ | शान्ति सिर्पाली | १२२०० |
| १७ | १७९ | वाल कृष्णको वच्चा | ३००० |
| १८ | १८१ | नाम नखुलेको (काठमाडौबाट सव वोकेको) | २१६०० |
| १९ | १८२ | मिना रसाइली | ८००० |
| २० | १८३ | सुमिता सिर्पाली | ८००० |
| २१ | १०९ | आइते घर्ति लास | १५०० |
| २२ | ११० | आइते घर्ति लास | ३००० |
| | जम्मा | | २०६८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०६,८०० |

२८ **उपभोक्ता समिति मार्फत खरिदः**

२८.१ **हेभी इक्विपमेण्टको प्रयोगः** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका

उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२८.२ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । यस पालिकाले यो वर्ष नगरपालिकाको वडा नम्बर-५ को भवन उपभोक्ता समिति मार्फत निर्माण गरी भौ.नं.८४ मिति २०८०/११/१७ बाट रु.४९७७२५/- भुक्तानी गरेर उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने र उक्त कार्यबाट हुने लाभ हानीमा उपभोक्ताले सहभागिता नजाउनु नपर्ने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउने परिपाटीमा नियन्त्रण गरि पालिकाको आफ्नो संरचना आफै निर्माण गर्ने व्यवस्था गर्नुपर्दछ ।

२८.३ (२३०-२०८१-२-२८):

**उपभोक्ता समिति मार्फत जटिल कार्य गरेकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१)मा उपभोक्ता समिति वा लाभग्राही समूह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृदि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिम कार्याविधि पुरा गरी त्यस्तो कार्य गर्न वा सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, ऐक्साभेटर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मात्र मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने ब्यबस्था रहेतापनि यस पालिकाले गाउँपालिका पुँजीगतबाट रु.८०३४७६१/- लागत अनुमानको भिकोसघाट कल्भर्ट निर्माण उपभोक्ता समिति (वडा नम्बर १,५,६) लाई १६ मिटर लम्बाईको पक्की पुल निर्माण गरेको जनाई रु.७२००००0/- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:

• उक्त निर्माण कार्यको लागत अनुमानमा पि.एस. आईटमको रुपमा राखेर मुअकर सहितको ल्यबटेस्टको रु.४५००००/- र विमाको रु.५००००/- सहित जम्मा रु.५०००००/- भुक्तानी गरेकोमा ल्याबटेष्ट र विमाको कर बिजक पेश गरेको छैन ।

• लागत अनुमानमा रु.४८६५/१५ का दरले ग्याबिन बक्सको परिमाण ६५ को रु.३१६२३४.८४ भुक्तानी गर्नुपर्ने जनाएकोमा कुनै भेरिएसन अर्डर स्वीकृत नगरी ग्याबिन बक्सको परिमाण १२३ को रु.५९८४१३.६२ भुक्तानी गरेकोले भेरिएसन अर्डर स्वीकृत बेगर लागत अनुमान भन्दा रु.२८२१७९.६२ बढी भुक्तानी गरेको छ ।

• उपभोक्ता समिति गठन गर्दा कल्भर्ट निर्माण गर्ने जनाएतापनि १६ मिटर लामो पक्की पुल निर्माण गर्ने कार्य जटिल प्राविधिक कार्य अन्तर्गत पर्ने र पक्की पुल निर्माण गर्न विशेष प्राविधिक ज्ञान सीप र दक्षता आवश्यक पर्नेमा यस्तो प्रकारको दक्षता उपभोक्ता समितिसँग हुने देखिंदैन । यस प्रकारको जटिल प्राविधिक कार्य गर्दा हेभि ईक्युपमेन्ट प्रयोग गर्नुपर्ने र विशेष दक्षता भएका जनशक्ती अन्यत्रबाट ल्याउनुपर्ने देखिन्छ । यस्तो कार्य उपभोक्ता समिति मार्फत गर्दा प्रयोग हुने मेटेरियलको गुणस्तर कायम हुने तथा उचित कम्पोजिसन मिल्ने समेत देखिंदैन । जसले गर्दा निर्माण भएको पुलको भारबहन क्षमता कायम हुने र निर्माण भएको पुलको संरचना भविश्य सम्म टिकाउ हुने सम्बन्धमा आश्वस्त हुने आधार नरहेकोले पक्की पुलको संरचना निर्माण जस्तो जटिल प्राविधिक प्रकृतिको काम उपभोक्ता समिति मार्फत गराएको नियम सम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ७२,००,००० |

२८.४ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नंम्बर १८३ बाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं.१०९६ मिति २०७४/०२/१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा नगरपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट भुक्तानी गर्दा समेत बैंक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२९ **कन्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मर्मत तथा इन्धन, कार्यलय सञ्चालन तथा अनुगमनमा र अन्यमा यस वर्ष रु. ५४३१९५/- कन्टीन्जेन्सी खर्च गरेको छ ।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

३० **सामाजिक सुरक्षा तर्फः**

३०.१ **सामाजिक सुरक्षाः**आर्थिक वर्ष २०८०/०८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम |
|---|---|---|---|---|
| १ | ९९८२ | २१६४ | २१.६८ | ६९७५६८८८ |

३०.२ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु.69548972।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं २ र ५ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो।

| समूह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक विवरण संख्या | बार्षिक वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | ९२८ | ११०५४५४२ | ९४८ | ११२९२१५६ | ९५५ | ११३३४५१३ | ९६९ | ११५३७७३० | ३८०० | ४५२१८९४१ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३९७ | ३०९८७२८ | ३९४ | ३११७५२० | ४०५ | ३१८९४२९ | ३९६ | ३१२५११५७ | १५९२ | १२५३०८३४ |
| जेष्ठ नागरिक एकल महिला | ६६ | ५२६६८० | ६७ | ५२९३४० | ६९ | ५४७९६० | ६९ | ५४७९६० | २७१ | २१५१९४० |
| विधवा | १२९ | १०२९४२० | १३२ | १०४२७२० | १३३ | १०५८६८० | १३६ | १०७४६४० | ५३० | ४२०५४६० |
| पूर्ण अपाङ्गता भत्ता | १९ | २२३४४० | १८ | २१५४६० | १८ | २१५४६० | २० | २२७४३० | ७५ | ८८१७९० |
| अति अशक्त अपाङ्गता भत्ता | ४६ | २९१५३६ | ४६ | २९५५२६ | ४६ | २९३६६४ | ४६ | २९१५३६ | १८४ | ११७२२६२ |
| दलित बालबालिका | ५७९ | ९०१५४२ | ५९१ | ९११७२९ | ५९५ | ८९५११७ | ५८५ | ८८७२७३ | २३५० | ३५९५६६१ |
| जम्मा | २१६४ | १७१२५८८८ | २१९६ | १७४०४४५१ | २२२१ | १७५३४८२३ | २२२१ | १७६९१७२६ | ८८०२ | ६९७५६८८८ |

प्राप्त आर्थिक विवरण अनुसार सामाजिक सुरक्षा वापत रु.६९५४८९७२/- भुक्तानी भएकोमा खर्च रु.६९७५६८८८/- मात्र देखियो फरक रकम रु २०७९१६/- को.ले.नि.का. दाखिला भएको प्रमाण पेश भएको छ ।

३०.३ **निस्क्रिय खाता तथा लगत कट्टा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तमानखोला गाउँपालिका, बागलुङ , तमानखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ईश्वर लाल शाक्य | २०७९-४-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदर्शन कुसारी | २०७८-१२-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५८४,९२२ | ९,९७६,३७१ | १,५९७,४३९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १२,१५८,७३२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६९,०१५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १२,०८९,७१७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३९२०९६३५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १७४५७९८४७ | चालु खर्च | १७४६३३१२४ |
| प्रदेश सरकारबाट अनुदान | १३१४३७५० | पूँजीगत खर्च | ८११८७९०२ |
| राजश्व बाँडफाँट | ५९७३३५१५ | वित्तीय/अन्य व्यवस्था | ७१९४७६०७ |
| आन्तरिक आय | ३७८८३०९.० | | |
| अन्य आय | ७३४३०७२० | | |
| कुल आय | ३२४६७६१४१ | कुल खर्च | ३२७७६८६३३ |
| बाँकी मौज्दात | | ३६११७१४३ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।